यो आकाशवाणी हो।

समाचार तुलसा शर्माबाट सुन्नुहोस्।

मुख्य समाचार

- भारतको युवा शक्तिले छिट्टै नै विकसित राष्ट्र बनाउने
- राष्ट्रपति, उप-राष्ट्रपति र प्रधानमन्त्रीले स्वामी विवेकानन्दलाई अर्पण गर्नुभयो श्रद्धांजलि
- विदेश मन्त्रीले अमरीकाका नव-निर्वाचित राष्ट्रपतिको शपथ ग्रहण समारोहमा भारतको प्रतिनिधित्व गर्नुहुने
- उत्तराखण्डका मुख्यमन्त्रीले **अन्तर्राष्ट्रीय उत्तराखण्डी प्रवासी सम्मेलनको गर्नुभयो** उद्घाटन, अनि
- केन्द्रीय मत्स्यपालन, पशुपालन र डेयरी मन्त्रीले मेगा उद्यमिता विकास सम्मेलनको गर्नुहुनेछ उद्घाटन ।

**प्रधानमन्त्री- युवा नेता**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ , भारतको युवा शक्तिले छिट्टै नै एउटा विकसित राष्ट्र बनाउनेछ । आज नयाँ दिल्लीमा भारत मण्डपममा विकसित भारत युवा नेता संवाद दुई हजार पचिसको अवसरमा उहाँले भन्नुभयो, भारतको युवा शक्तिले उल्लेखनीय परिवर्तन ल्याइ रहेको छ । श्री मोदीले भन्नुभयो, उहाँलाई नयाँ पीढ़ीमा विश्वास छ र युवा पीढ़ीले सबै समस्याको समाधान खोज्ने छ । प्रधानमन्त्री श्री मोदीले भन्नुभयो, महत्वाकांक्षी लक्ष्य प्राप्त गर्नका लागि देशका प्रत्येक नागरिकको सक्रिय भागीदारी र सामूहिक प्रयासको आवश्यकता हुन्छ। उहाँले भन्नुभयो , एउटा विकसित भारत त्यो हुनेछ जो आर्थिक, रणनीतिक, सामाजिक र सांस्कृतिक रूपमा सशक्त हुन्छ । उहाँले, पछिलो एक दशकमा पचीस करोड़ मानिसलाई

गरीबीबाट बाहिर निकालिएको पनि बताउनुभयो । शुक्रबारदेखि सुरु भएको तीन दिने 'विकसित भारत युवा नेता संवाद' 'ले विकसित भारतका लागि नवीन समाधान प्रस्तुत गर्न युवाहरूलाई अद्वितीय मञ्च प्रदान गरेको छ ।

**20-स्वामी विवेकानंद-श्रद्धांजलि (राष्ट्रपति सहित)**

आज राष्ट्रीय युवा दिवस हो । हरेक वर्ष बारह जनवरीमा महान आध्यात्मिक गुरू, दार्शनिक र चिन्तक स्वामी विवेकानन्दको जयन्तीलाई युवा दिवसको रूपमा मनाइन्छ। राष्ट्रपति, उप-राष्ट्रपति र प्रधानमन्त्रीले स्वामी विवेकानन्दलाई उहाँको जयन्तीका अवसरमा श्रद्धांजलि अर्पण गर्नुभयो । सोशल मीडिया पोस्टमा राष्ट्रपतिले भन्नुभएको छ, स्वामी विवेकानन्दले देशका महान आध्यात्मिक सन्देश ,पश्चिमी जगतमा प्रचारित गर्नुभयो र भारतका मानिस बीच नयाँ आत्मविश्वास जगाउनु भयो । उहाँले भन्नुभयो, स्वामी विवेकानन्दले युवाहरूलाई राष्ट्र निर्माण र मानवताको सेवामा योगदानका लागि प्रेरित गर्नुभयो । राष्ट्रपतिले स्वामी विवेकानन्दको विरासत जारी रहने र विश्वभरमा असंख्य मानिसलाई प्रेरित गरिरहने कामना व्यक्त गर्नुभयो ।

**जयशंकर- ट्रम्प शपथ ग्रहण**

विदेश मन्त्री डा. सुब्रह्मण्यम जयशंकरले अमरीकाका नव-निर्वाचित राष्ट्रपति श्री डोनल्ड ट्रम्पको शपथ ग्रहण समारोहमा भारतको प्रतिनिधित्व गर्नुहुनेछ। श्री ट्रम्प अमरीकाका सैतालीसौं राष्ट्रपति बन्नुहुनेछ। उहाँलाई यस महीनाको बिस तारीख शपथ दिलाइने छ। आफ्नो यात्रामा डा. जयशंकरले नयाँ सरकारका प्रतिनिधीहरू अनि कार्यक्रममा भाग लिने अन्य

गणमान्य व्यक्तिहरू संग पनि भेट गर्नुहुनेछ।

## देहरादून - प्रवासी सम्मेलन

उत्तराखण्डका मुख्यमन्त्री श्री पुष्कर सिंह धामीले आज देहरादूनमा पहिलो **अन्तर्राष्ट्रीय उत्तराखण्डी प्रवासी सम्मेलनको** उद्धाटन गर्नुभयो । यस सम्मेलनको उद्देश्य विदेशमा राज्यको संस्कृतिको प्रचार गरेर उत्तरखण्डमा निवेश र पर्यटनलाई बढावा दिनु हो । यस अवसरमा श्री धामीले भन्नुभयो , सम्मेलनमा आयोजित सत्रमा अघि आएका विचार अनि संदेश देश र विदेशमा रहेका प्रवासी उत्तराखण्डी भाइ बहिनी सम्म पुग्नेछ। श्री धामीले यस सम्मेलनलाई संस्कृति र भावनाको जुडावको एउटा असामान्य उत्सव बताउनुभयो । पत्रकार सम्मेलनमा मुख्यमन्त्रीले अहिलेसम्म तिस जना आप्रवासीले उत्तराखण्डका धेरै गाउँलाई अंगीकृत गरेको बताउनुभयो ।

## महाराष्ट्र स्थानीय चुनाव

शिवसेना-उद्धव ठाकरे गुटका सांसद **श्री संजय राउतले** भन्नुभएको छ, उहाँको पार्टीले मुम्बई, ठाणे, पुणे र नागपुरको नगर निगम सहित स्थानीय निकाय चुनाव एक्लै लड्नेछ । मुम्बईमा पत्रकार संग बातचीतमा उहाँले भन्नुभयो, पार्टीले आफ्नो ताकतको आकलन गर्नु आवश्यक छ । उहाँले भन्नुभयो, पार्टी प्रमुख श्री उद्धव ठाकरेले यस क्षेत्रमा कुनै गठबंधन बिना चुनाव लड्ने सुझाव दिनुभयो । श्री राउतले भन्नुभयो, लोकसभा र राज्य विधानसभा चुनावमा पार्टी कार्यकर्ताहरूलाई चुनाव लड्ने मौका नमिल्नाले असनतोष फैलिन्छ। पार्टीले आफ्नो संगठनलाई मजबुत बनाउनका लागि नगरपालिका, जिल्ला परिषद र नगर पंचायतको चुनाव स्वतन्त्र रुपमा लड्नु पर्ने निर्णय पनि भएको छ । उहाँले भन्नुभयो, पार्टीमा विभाजनले पहिला उन्नाइस्

सय सन्तानब्बै देखी दुई हजार बाइस सम्म लगातार पचीस  वर्ष Brihan mumbai  नगर निगम-बी.एम.सी-मा शिवसेनाको कब्जा थियो । बी.एम.सी –को मार्च दुई हजार बाइसमा कार्यकाल समाप्त भए पछि बी.एम.सी एक प्रशासकको अधीनमा रहेको छ र यस बर्षको अन्तमा मुम्बईमा चुनाव हुने आशा छ।

**27 सरकारी - पशुधन परियोजनाएँ**

केन्द्रीय मत्स्यपालन, पशुपालन र डेयरी मन्त्री श्री राजीव रंजन सिंह्ले भोली पुणेमा मेगा उद्यमिता विकास सम्मेलनको उद्घाटन गर्नुहुनेछ । कार्यक्रममा, श्री सिंह्ले पाँच सय पैँतालिस करोड़ रुपियाँ भन्दा अधिक लागतको चालीस बटा  पशुधन परियोजनाको उद्घाटन गर्नुहुनेछ । यस सम्मेलनको उद्देश्य पशुधन क्षेत्रको क्षमता उजागर गर्नका लागि नीति निर्माता, महासंघ, सहकारी समिती, उद्योग संघ, उद्यमी र वित्तीय संस्थानहरूलाई एकजुट गर्नु हो। यो कार्यक्रमले हितधारक अघि आउने चुनौतीहरूमा चर्चा गर्न, समाधान साझा गर्न र क्षेत्रको विकास र उद्यमितालाई बढ़ावा दिनका लागि एउटा मन्च प्रदान गर्दछ।

**अनिवार्य घोषणा- पब्लिक स्पीक**

आकाशवाणीको समाचार सेवा प्रभागले , आफ्नो साप्ताहिक कार्यक्रम **पब्लिक स्पीक** –मा आज राती साढ़े नौ बजी **"टीबी-मुक्त भारत"** विषयमा परिचर्चा प्रसारित गर्नेछ। चर्चाका लागि स्वास्थ्य र परिवार कल्याण मंत्रालयका उप-महानिदेशक प्रोफेसर उर्वशी बी. सिंह हाम्रो स्टूडियोमा उपस्थित रहनुहुनेछ। आमन्त्रित विशेषज्ञसंग कार्यक्रममा आपदा प्रबन्धनको तयारी संग जोड़ीएको  प्रश्न सोदिन सकिन्छ। यो प्रश्न टेलीफोन नम्बर **सुन्य एक एक –दुई तिन चार -**

दुई एक सुन्य - पाँच सुन्य  र सुन्य एक एक –दुई तिन तिन- एक चार चार -चार चार मा सोधिन सकिनेछ । वाट्सएप नम्बर नौ दुई –आठ नौ –सुन्य नौ – चार सुन्य – चार चार मा तथा सोशल मीडिया साइट एक्समा  Hashtag आस्क ए.आई.आर.  का साथ पनि प्रश्न गर्न सकिनेछ।

## रेलगाड़ी-विलंबित

दिल्ली-एन.सी.आर क्षेत्रमा कुहिरोका कारण दृश्यता कम हुनाले केही रेलगाड़िहरू ढिलो चलीरहेको छ । भारतीय रेलवे अनुसार दिल्ली आउने पचीस बटा  रेलगाड़िहरू चार देखी पाँच घण्टाको ढिलाईले पुगिरहेको छ । यसमा **फरक्का एक्सप्रेस, प्रयागराज एक्सप्रेस, मालवा एक्सप्रेस, पूजा एक्सप्रेस, तमिलनाडु सुपरफास्ट एक्सप्रेस, , Padmaavat एक्सप्रेस, आश्रम एक्सप्रेस, पुरूषोत्तम एक्सप्रेस र कर्नाटक एक्सप्रेस** शामेल छ । यात्रीहरूलाई, आफ्नो ट्रेनको स्थितिको जानकारी लिएर स्टेशन पुग्ने सल्लाह दिइन्छ ।

## बीसीसीआई- टी-ट्वेंटी टीम

भारतीय क्रिकेट कन्ट्रोल बोडले England विरूद्ध आगामी पाँच म्याचको टी-20 श्रृंखलाका लागि पन्द्रह सदस्यीय टीमको घोषणा गरेको छ। श्रृंखलाको पहिलो म्याच बाइस  जनवरीमा कोलकत्तामा खेलिनेछ। सूर्यकुमार यादव टीमका कप्तान हुनेछन् ।

## मुख्य समाचार फेरी एक पल्ट

- भारतको युवा शक्तिले  छिट्टै नै विकसित राष्ट्र बनाउने

- राष्ट्रपति, उप-राष्ट्रपति र प्रधानमन्त्रीले स्वामी विवेकानन्दलाई अर्पण गर्नुभयो श्रद्धांजलि
- विदेश मन्त्रीले अमरीकाका नव-निर्वाचित राष्ट्रपतिको शपथ ग्रहण समारोहमा भारतको प्रतिनिधित्व  गर्नुहुने
- उत्तराखण्डका मुख्यमन्त्रीले **अन्तर्राष्ट्रीय उत्तराखण्डी प्रवासी सम्मेलनको गर्नुभयो** उद्घाटन, अनि
- केन्द्रीय मत्स्यपालन, पशुपालन र डेयरी मन्त्रीले मेगा उद्यमिता विकास सम्मेलनको गर्नुहुनेछ उद्घाटन।